**निर्णय नं. १:**

यस नगरपालिकाको आठौं नगर सभा सभ्य र भव्य रुपमा सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

सभामा नगरपालिकाका निम्नानुसारका विषयगत समितिका संयोजकज्यूहरुले आ–आफ्नो समितिको यस वर्ष भए गरेका कामहरुको प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

क) न्यायिक समिति, राजस्व परामर्श समिति, अनुगमन समितिको प्रतिवेदन - संयोजक श्री नगर उप-प्रमुख
ख) विधायन समितिको प्रतिवेदन - संयोजक श्री तिलक राज पौडेल
ग) पूर्वाधार विकास समितिको प्रतिवेदन - संयोजक श्री हरि कुमार श्रेष्ठ
घ) विपद, वन तथा वातावरण समितिको प्रतिवेदन - संयोजक श्री बलराम दाहाल
ङ) सामाजिक विकास समितिको प्रतिवेदन - संयोजक श्री केशव आचार्य
च) आर्थिक विकास समितिको प्रतिवेदन - संयोजक श्री गुप्तनाथ भट्टराई
छ) लेखा समितिको प्रतिवेदन - संयोजक श्री लालबहादुर भट्ट
ज) कार्यालयको तर्फबाट प्रस्ताव पेश - प्रमुख प्रशासकीय अधिकृत श्री भीमबहादुर कुँवर

**निर्णय नं. ३:**

नगरपालिकाको पूर्वाधार विकास, रोजगारी सिर्जना र आन्तरिक आय बृद्धिका लागि अत्यावश्यक काममा नियमानुसार रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

आठौं नगर सभाको तपसिल वमोजिमको कार्यसूची अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:

**नगर सभाको कार्यसूची**

१) नगर सभाका अध्यक्ष श्री नारायण वनज्यूको सभाहलमा प्रवेशसँगै सबै सभासदहरु आ–आफ्नो स्थानबाट उठ्नु हुनेछ र सँगसँगै राष्ट्रिय गानको धुन बज्नेछ । राष्ट्रि धुनको समाप्ति पछि सभाका अध्यक्षज्यूबाट अध्यक्षताको आसन ग्रहण हुनेछ र नगरसभाका सबै सदस्यज्यूहरुले आ–आफ्नो स्थानमा आसन ग्रहण गर्नु हुनेछ ।

२) राष्ट्रिय धुनको समाप्तिसँगै सभाका अध्यक्षज्यूबाट अध्यक्षताको आसन ग्रहण भएपछि नगरसभाको आठौं अधिवेशनको प्रथम बैंक स्वतः आरम्भ हुनेछ ।

३) तत्पश्चात नगर सभाका अध्यक्षज्यूले सभाका सदस्यज्यूहरुलाई सम्बोधन गर्दै सभाको कारवाही प्रारम्भ भएको घोषणासँगै बैंठकमा आफ्नो सम्बोधन मन्तव्य राख्नु हुनेछ ।

४) सभाध्यक्षज्यूबाट बैंठकको कार्यसूची सभाध्यक्ष प्रस्तुत गर्न सभाका सचिवलाई निर्देशन हुने तत्पश्चात सभाका अध्यक्षज्यूको निर्देशन अनुसार सभाका सचिवबाट बैंठकको कार्यसूची प्रस्तुत हुनेछ ।

५) रत्ननगर नगरपालिकामा जनप्रतिनिधि बहाली भएपछि हालसम्म भएका विकास गतिविधिहरु समेटिएको वृत्तचित्र प्रस्तुत हुनेछ ।

६) तत्पश्चात नगरपालिकाका निम्नानुसारका विषयगत समितिका संयोजकज्यूहरुले आ–आफ्नो समितिको यस वर्ष भए गरेका कामहरुको प्रतिवेदन सम्मानित सभा समक्ष पेश गर्नु हुनेछ ।

क) न्यायिक समिति, राजस्व परामर्श समिति, अनुगमन समितिको प्रतिवेदन - संयोजक श्री नगर उप-प्रमुख
ख) विधायन समितिको प्रतिवेदन - संयोजक श्री तिलक राज पौडेल
ग) पूर्वाधार विकास समितिको प्रतिवेदन - संयोजक श्री हरि कुमार श्रेष्ठ
घ) विपद, वन तथा वातावरण समितिको प्रतिवेदन - संयोजक श्री बलराम दाहाल
ङ) सामाजिक विकास समितिको प्रतिवेदन - संयोजक श्री केशव आचार्य
च) आर्थिक विकास समितिको प्रतिवेदन - संयोजक श्री गुप्तनाथ भट्टराई
छ) लेखा समितिको प्रतिवेदन - संयोजक श्री लालबहादुर भट्ट
ज) कार्यालयको तर्फबाट प्रस्ताव पेश - प्रमुख प्रशासकीय अधिकृत श्री भीमबहादुर कुँवर

७) तत्पश्चात नगर सभाका अध्यक्षज्यूको अनुमतिले नगर कार्यपालिकाको कार्यालयबाट कार्य सम्पदानसँग सम्बन्धित प्रस्तावहरु सभाका सचिवले साभासमक्ष प्रस्तुत गर्नुहुनेछ ।

८) तत्पश्चात समितिका प्रतिवेदनहरु अध्ययन गर्न र चिया विश्राम स्वरुप निश्चित समय पश्चात दोश्रो बैंठक बस्ने गरी प्रथम बैंठको कारवाही समाप्त हुनेछ ।

**दोश्रो बैंठकको प्रारम्भ**

९) सभाध्यक्षज्यूबाट तोकिएको समयपश्चात सम्मानित सभाको दोश्रो बैंठक प्रारम्भ हुनेछ ।

१०) प्रथम बैंठकमा प्रस्तुत प्रतिवेदनहरु माथी छलफलका लागि सभाका अध्यक्षज्यूबाट निश्चित समय उपलब्ध गराउनु हुनेछ । उपलब्ध समय भित्र छलफलमा सहभागी हुन चाहने सदस्यहरुले नाम टिपाउनु हुनेछ र सहभागी हुन चाहने सबै सदस्यहरुलाई पालैपालो विषय केन्द्रित भै बोल्न समय र अनुमति प्रदान हुनेछ ।

११) सभाका सदस्यहरुलाई बोल्न दिइएको समयमा उठेका सवालहरुको जवाफ, प्रतिवेदन प्रस्तुत गर्ने समितिका सम्बन्धित संयोजकले दिनुहुनेछ । संयोजकहरुले जवाफ दिईसकेपछि नगर सभाका अध्यक्षज्यूबाट उल्लेखित प्रतिवेदनहरु पारित गरियोस् भनी, हुनें भने सदस्यहरुले हुन्छ भन्नुहोला र हुन्न भन्ने सदस्यले हुन्न भन्नुहोला भन्दै सभा समक्ष टेवल हुनेछ । प्रस्तुत प्रतिवेदनको पक्षमा हुन्छ भन्ने सदस्यहरुको बहुमत देखिएमा सभाका अध्यक्षज्यूबाट ध्वनीमतका आधारमा विधेयकको स्वीकृतिको घोषणा हुनेछ ।

१२) उल्लेखित छलफल पछि निर्णगार्थ पेश भएका विषयमा ध्वनी बहुमत प्राप्त भएमा अध्यक्षज्यूबाट स्वीकृतिको घोषणा हुनेछ । तत्पश्चात सभाका अध्यक्षज्यूबाट सभामा शुन्य समयको निर्धारण हुनेछ । नगर सभाका सदस्यज्यूहरुलाई नगरका सार्वजनिक महत्वका विषयमा प्रस्ताव राख्न र छलफल गर्नका लागि सभाध्यक्षज्यूबाट निश्चित समय प्रदान गर्नु हुनेछ । उक्त समयमा सदस्यज्यूहरुले आफ्नो प्रस्ताव लिखित रुपमा पेश गर्नु हुनेछ ।

१३) शुन्य समयमा उठाइएका विषयहरु नगर र नगरवासीहरुको हितमा छ भन्ने सभाका अध्यक्षज्यूलाई लागेमा उक्त विषयहरुमा छलफल गर्नका लागि सभाका सदस्यहरुलाई समय र अनुमति प्रदान हुनेछ ।

१४) उल्लेखित छलफल पछि निर्णयार्थ पेश भएका विषयमा ध्वनी बहुमत प्राप्त भएमा सभाध्यक्षज्यूबाट स्वीकृतिको घोषणा हुनेछ ।

१५) नगर सभाका अध्यक्षज्यूबाट माथि उल्लेखित सबै कार्यसूचीको छलफल सम्पन्न भएपछि सभाका सदस्यहरुलाई धन्यवाद सहित सम्मानित रत्ननगर नगरपालिकाको आठौं नगर सभाको समापनको घोषणा गर्नु हुनेछ ।